# बाँके जिल्ला अदालतबाट जारी भएको सूचना

प्रस्तुत विषय सम्बन्धमा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को जोखिमलाई नियन्त्रण गर्न यस अदालतबाट प्रवाह हुने सेवालाई संकुचन गरिएको व्यहोरा यस अदालतबाट मिति २०७७/०५/२१ गते प्रकाशित गरेको सूचना मार्फत जानकारी गराई सकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।कोरोना संक्रमणको अवस्था बढ्दै जानुका साथै यसको नियन्त्रण हुने समय सीमा अनुमान गर्न नसकिने अवस्था तथा छिटो छरितो न्याय सम्पादनको मर्मलाई आत्मासाथ गर्दै २०७७/०५/२१ गते प्रकाशित सूचनानुसारका कार्यलाई निरन्तरता दिदै यस अदालतबाट थप सेवा प्रवाह गर्ने गरी आज यस अदालतमा बार बेञ्च र सरकारी वकील बीच बैठक बसी निर्णय गरिएको छ । यस अदालतबाट प्रवाह गरिने सेवालाई नियमित गर्ने सम्बन्धमा मिति २०७७/०६/०२ गते पुन: बार बेञ्च र सरकारी वकीलसंग बैठक बस्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचारू हुने सेवाहरु

१. म्याद थप गर्ने ।

२. जरुरी पक्राउ पुर्जी समर्थन गर्ने ।

३. कल डिटेलको लागि अनुमती दिने ।

४. मुलुकी फौजदारी कार्यविधी संहिताको दफा १५५ नं. बमोजिम परेको निवेदन दर्ता तथा सुनुवाई गर्ने ।

५. कोरोना परीक्षण PCR रिपोटसहित उपस्थित हुने फरारी प्रतिवादीहरु हाजिर गर्ने ।

६. घरेलु हिंसाको मुद्दा दर्ता गर्ने ।

७. बन्दीप्रत्यक्षीकरणका निवेदन दर्ता र सुनुवाई गर्ने ।

८. अभियोग पत्र दर्ता गरी आवश्यक कारवाही अगाडी बढाउने ।

९. अंग पुगेका थुनुवा मुद्दाहरु प्रत्येक इजलासमा २ वटाका दरले प्रति दिन पेशी चढाई सुनुवाई गर्ने ।

१०. अंग पुगेका घरेलु हिंसा, अंश नजोडिएका सम्बन्ध बिच्छेद र खाना खर्च सम्बन्धी मुद्दा पेशी चढाई सुनुवाई गर्ने ।

११. फिराद पत्र, प्रतिउत्तर पत्र तथा फैसला कार्यान्वयनका निवेदनहरु दर्ता गर्ने ।

१२. मुद्दा मिलापत्र र फिर्ताको निवेदन उपर कारबाही गर्ने

१३. तारेख तोक्ने ।

यहाँहरुलाई पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौ ।

मिति:-२०७७/५/२६